# भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७३ को ऐन नं. २७

## गाउँपालिका तथा नगरपालिकाको वडाको सङ्ख्या निर्धारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: गाउँपालिका तथा नगरपालिकामा रहने वडाको सङ्ख्या निर्धारण तथा हेरफेर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले. यो ऐन बनाएको छ।

१. संक्षिप्तनाम र प्रारम्भ : (१) यस ऐनको नाम "गाउँपालिका तथा नगरपालिकाको वडाको सङ्ख्या निर्धारण ऐन, २०७३" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२. परिभाषा: विषयवा प्रसङ्गले अन्यथाअर्थ नलागेमा यस ऐनमा,-

(क) "गाउँपालिका" भन्नाले संविधान बमोजिमको गाउँपालिका सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेत सम्झनुपर्छ ।

(ग) "वडा" भन्नाले दफा ३ बमोजिम निर्धारण गरेको वडा सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. वडाको सङ्ख्या, सीमाना र केन्द्रः (१) नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकामा रहने वडाको सङ्ख्या निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वडाको सङ्ख्या निर्धारण गर्दा नेपाल सरकारले गाउँपालिकामा कम्तीमा पाँच र बढीमा एक्काईस तथा नगरपालिकामा कम्तीमा नौ र बढीमा पैंतीस वडा हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम वडाको सङ्ख्या निर्धारण गर्दा वडाको सीमाना तथा केन्द्र रहने स्थान समेत तोक्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारलेनिर्धारण गरेको गाउँपालिका तथा नगरपालिकाको वडाको सङ्ख्या तथा तोकेको सीमाना र केन्द्र यसै ऐन बमोजिम निर्धारण गरेको र तोकेको मानिनेछ ।

४. वडाको सङ्ख्या निर्धारण गर्ने तथा सीमाना र केन्द्र तोक्ने आधारः नेपाल सरकारले वडाको सङ्ख्या निर्धारण गर्दा र त्यसको सीमाना तथा केन्द्र तोक्दा देहायका आधार लिनेछ : –

(क) गाउँपालिका वा नगरपालिकाको जनसङ्ख्या तथा जनसङ्ख्या वितरणको अवस्था,

(ख) गाउँपालिका वा नगरपालिकाको भौगोलिक अनुकूलता तथा विशिष्टता,

(ग) गाउँपालिका वा नगरपालिका क्षेत्रभित्रको भाषिक, सांस्कृतिक तथा सामाजिक विशिष्टता,

(घ) गाउँपालिका वा नगरपालिकामा सेवा सुविधा वितरणको अवस्था र सुगमता,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) गाउँपालिका वा नगरपालिकामा रहेको भौतिक पूर्वाधार, र

(च) नेपाल सरकारले उपयुक्त ठानेको अन्यकुनै आधार ।

५. <u>वडाको सङ्ख्या र सीमाना हेरफेर गर्न सक्नेः</u> (१) नेपाल सरकारले दफा ३ बमोजिम निर्धारण गरेको वडाको सङ्ख्या र सीमाना आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वडाको सङ्ख्या र सीमाना हेरफेर गर्दा दफा ४ मा उल्लिखित आधारहरूलाई अवलम्बन गर्नु पर्नेछ ।

(३) वडाको सङ्ख्या वा सीमाना हेरफेर गर्न आवश्यक भएमा गाउँ सभा वा नगर सभाकोतत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव प्राप्त भएमा नेपाल सरकारले छ महिनाभित्र त्यस्तो प्रस्ताव बमोजिम वडाको सङ्ख्याबा सीमानाहेरफेर गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम वडाको सङ्ख्या र सीमाना हेरफेर गर्नु पर्दा गाउँपालिका र नगरपालिकाको निर्वाचन हुनु भन्दा कम्तीमा एक वर्ष अगावै गरी सक्नु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका तथा नगरपालिकाको पहिलो निर्वाचन भएको छ महिना भित्र वडाको सीमाना हेरफेर गर्न गाउँसभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी नेपाल सरकारमा पठाएमा नेपाल सरकारले वडाको सीमाना हेरफेर गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. <u>वडाको केन्द्र हेरफेर गर्न सक्नेः</u> (१) कुनै वडाको केन्द्र हेरफेर गर्न आवश्यक भएमा वडा समितिको परामर्शमा गाउँसभा वा नगरसभाकोतत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेर गर्न सक्नेछ ।

तर यो ऐन प्रारम्भ भएपछि पहिलो पटकको लागि गाउँसभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेरगर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम वडाको केन्द्र हेरफेर गर्दा आवश्यक पर्ने भौतिक पूर्वाधार लगायत अन्य व्यवस्था सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आफ्नो आन्तरिक आयबाट व्यवस्था गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम वडाको केन्द्र हेरफेर भएमासम्बन्धित गाउँपालिका वा नगरपालिकाले पैंतीस दिनभित्र सो को जानकारी प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेछ ।

७. <u>नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेः</u>यस ऐन बमोजिम वडाको सङ्ख्या निर्धारण गरेको, सीमाना र केन्द्र तोकेको तथा वडाको सङ्ख्या,.सीमाना र केन्द्र हेरफेर भएको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**आज्ञाले,**

प्रमाणीकरण मितिः २०७३।१२।११

**रमेश ढकाल**
**नेपाल सरकारको नि.सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची २.१

## रामप्रसाद राइ गाउँपालिका, भोजपुर

## गाउँ कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १२ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| १३ | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ | | १ | |
| १४ | स. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | १ | |
| १५ | खा.पा.स.टे. | चौथो/पाचौं | इन्जि. | सिभिल | स्यानीटरी | १ | | १ | |
| कार्यालय तर्फ जम्मा | | | | | | १९ | ० | १८ | |
| वडा कार्यालय (८ वटा) | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ३ | | ३ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ५ | | ५ | |
| ४ | अ. सब-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ५ | १ | ४ | |
| वडा कार्यालय तर्फ जम्मा | | | | | | १६ | १ | १५ | |
| कुल जम्मा | | | | | | ३५ | १ | ३३ | |

कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचनाअनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।

संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालक, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणवश रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पाँचौं कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ ।

यस दरबन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुले गाउँपालिकाले तोकेबमोजिमको काम गर्नु पर्ने छ ।

सचिव

अनुसूची-१.१

# रामप्रसादराई गाउँपालिका, भोजपुर
## गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचना

- गाउँसभा → लेखा, विधायन, सुशासन तथा अन्य समिति
- गाउँकार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति
- अध्यक्ष → उपाध्यक्ष → न्यायिक समिति
- प्रमुख प्रशासकीय अधिकृत ८ औं (प्र./सा.प्र.)-१

**प्रशासन, योजना तथा अनुगमन शाखा**

प्रशासन इकाइ
अधिकृत ६ औं (प्र./सा.प्र.)-१
क.अ., ५ औं (विविध)-१

राजस्व इकाइ
सहायक ५औं (प्र./सा.प्र.)-१

योजना तथा अनुगमन इकाइ
सहायक ५ औं (प्र./सा.प्र.)- १

कानुनी मामिला ईकाई :
सहायक ५ औं (प्र./सा.प्र.)- १

वडा कार्यालयहरू- ८
सहायक ५औं (प्र./सा.प्र.)-३
सब-ईन्जि., ५ औं (इन्जि./सिभि.)-३
सहायक, चौथो (प्र./सा.प्र.)-५
अ.सबईन्जि., चौथो (इन्जि./सिभि.)-५

**पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**

ईन्जिनियर ७/८ औं
इन्जि/सिभिल/जनरल)-१

सडक, सिंचाइ तथा अन्य पूर्वाधार विकास इकाइ
सब-ईन्जि, ५औं (इन्जि./सभिल)-१

भवन तथा मापदण्ड कार्यान्वयन इकाइ
सब-ईन्जि., ५औं (इन्जि./सिभिल)-१
अ.सबईन्जि., चौथो(इन्जि./सिभिल)-१

वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन इकाइ
ना.सु, ५ औं (प्र./सा.प्र.)-१
खा.पा.स.टे.४/५औं(इ./सि./स्या.)-१

**सामाजिक विकास शाखा**

सामाजिक सुरक्षा तथा पन्जिकरण इकाई
अधिकृत ६औं (प्र./सा.प्र.)-१

महिला बालबालिका तथा समाज कल्याण इकाइ
स.म.वि.नि.,चौथो (विविध)-१

स्वास्थ्य इकाई
हे.अ. ५/६ औं (स्वा/हे.ई.)-१

**शिक्षा, युवा तथा खेलकुद शाखा**

अधिकृत ७/८ औं (शिक्षा/शि.प्र.) -१
प्रा.स., ५औं (शिक्षा/ -१

**आन्तरिक लेखा परिक्षण इकाई**

आन्तरिक लेखा परिक्षक ५ औं (प्र./लेखा) -१

**आर्थिक प्रशासन शाखा**

अधिकृत ७/८ (प्र/लेखा)-१
लेखा सहायक ५ औं (प्र/लेखा)-१

**स्वास्थ्य र कृषि/पशु तर्फका निकायहरु:**

- प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरु, आयुर्वेद औषधालयहरु
-
-
- कृषि सेवा केन्द्र/पशु सेवा केन्द्र
-
-

सचिव ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामान्य प्रशासन)
[illegible]